पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ४४ प्रमाणित मितिः २०७७ कार्तिक ०४ गते

## भाग २

प्रस्तावना : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ को उपदफा २ (ग) मा भएको व्यवस्था बमोजिम पोखरा महानगरपालिका भित्र गठन भएका तथा गठन हुने बालसमूह तथा बालमञ्चको व्यवस्थित परिचालनका लागि निर्देशिका बनाइ कार्य अघि वढाउन वाञ्छनीय भएकोले ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद : १

## प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस निर्देशिकाको नाम "बालसमूह तथा बालमञ्च परिचालन निर्देशिका, २०७७" रहेको छ ।

१.२ यो निर्देशिका पोखरा महानगरपालिकाको कार्यापालिका बैठकद्वारा पारित गरिएको मितिबाट लागू हुनेछ ।

### २. परिभाषा

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "बालबालिका" भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ बमोजिम १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्भनु पर्दछ ।

(ख) "बालसमूह" भन्नाले विद्यालय, समुदाय वा अन्य स्तरमा बालबालिकाको हक अधिकारको संरक्षण, क्षमता विकास र सामूहिक कार्यको लागि संगठित भएको समूह सम्भनुपर्दछ ।

“वडा बालमञ्च” भन्नाले सम्बन्धित वडा भित्र संगठित भएका बालक्लब/समुहहरुको छाता संगठन सम्झनुपर्दछ ।

“पोखरा महानगर बालमञ्च” भन्नाले पोखरा महानगर भित्र संगठित भएका वडा बालमञ्च तथा बालक्लब/समुहहरु को छाता संगठन सम्झनुपर्दछ ।

(ग) कार्य समिति भन्नाले बालबालिका सम्बन्धि क्रियाकलापहरु संचालन गर्नको लागि बाल क्लब/समूह कै सदस्यहरुबाट छानिएर निर्माण गरिएको समिति सम्झनु पर्दछ ।

(घ) “पदाधिकारी” भन्नाले यसै निर्देशिका अनुसार गठन भएका बाल समुह/समुहको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र कार्य समिति सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ङ) “बालपरिषद” भन्नाले

- बालसमूहको हकमा बालसमूहका कार्यसमिति तथा साधारण सदस्यहरुको वार्षिक भेला वा साधारणसभालाई सम्झनु पर्दछ ।

- वडा बालमञ्चको हकमा वडामा क्रियाशिल र वडामा सुचीकृत बालसमूहका प्रतिनिधिहरुको भेला वा सभालाई सम्झनु पर्दछ ।

- महानगर बालमञ्चको हकमा वडा बालमञ्चका अध्यक्षहरु र महानगर बालपरिषदका प्रतिनिधिहरुको भेला वा सभालाई सम्झनु पर्दछ ।

(च) “संरक्षक” भन्नाले बालसमूह/मञ्चको सम्पुर्ण अभिभावकत्वको जिम्मेवारी रहेको व्यक्ति वा संस्थालाई सम्झनुपर्दछ ।

- महानगर बालमञ्चको हकमा महानगरपालिकाका प्रमुख वा प्रमुखले तोकेको पदाधिकारी /शाखा

- वडा बालमञ्चको हकमा वडा अध्यक्ष वा नीजले तोकेको वडा सदस्यहरु मध्ये १ जना

-बालसमूहको हकमा विद्यालय स्तरको बालसमूहमा विद्यालयका प्रधानाध्यापक र समूदायस्तरमा टोल विकास संस्था, आमा समूह र युवा क्लबका अध्यक्ष वा प्रतिनिधिलाई सम्झनुपर्दछ ।

## परिच्छेद : २

## बालसमूह तथा बालमञ्चको किसिम

### ३. बाल समूह/मञ्चको किसिम सम्बन्धी व्यवस्था

बालबालिकाले आफ्नो क्षमता विकास गर्न, बालबालिकाको हक अधिकारको प्रचार प्रसार, अनुगमन तथा संरक्षण गर्न र बालसरोकारका विषयहरुमा आवश्यक कार्य गर्न आफ्नो समुदाय, विद्यालय र संस्थागत तहमा निम्नानुसारका बाल समूहहरू गठन गरी परिचालित हुन सक्नेछन् ।

### ३.१. पुर्व बालसमूह वा सिकाई वा खेल समूह

५ देखि ९ वर्ष उमेर समूहका बालबालिकाहरूले आफुभन्दा ठूला दाईदिदीहरु, आफ्ना अभिभावक, संरक्षक, शिक्षक एवं सहयोगीहरूको सहयोगमा कम्तीमा ७ जना वा सो भन्दा बढि सदस्यहरू रहने गरि बाल समूह गठन गर्न सक्नेछन् । यस्ता समूहहरू खेल, सिकाई तथा पूर्व बाल समुहको रूपमा परिचालित हुन सक्ने छन् ।

### ३.२. बालसमूह

१० बर्ष देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरू सात देखि १५ जनाको कार्य समिति सहित आवश्यकता अनुसारको सदस्य संख्यामा गठन गरिएको समूहलाई बालसमूह वा बालक्लब मानिनेछ । सामान्यत एउटा समूहमा बढिमा ३० जना सदस्य रहनु बाञ्छित मानिन्छ । सबै बालसमूहहरु स्थानीय तहमा अनिवार्य सुचीकृत र नविकरण हुनुपर्नेछ ।

एउटा बालक्लब/समूहमा आवश्यकता अनुसार उमेरको आधारमा (१० वर्ष

देखि १४ वर्ष सम्म र १५ वर्ष देखि १८ वर्ष सम्म) वा अध्ययनरत कक्षाको आधारमा (कक्षा ५ देखि ८ सम्म र कक्षा ९ देखि १२ सम्म) बाल उपसमुह गठन गर्न सकिनेछ ।

सामान्यतया बालसमूहहरु ४ प्रकारका हुनेछन्

**क) समुदाय/टोल स्तरीय बालसमूह**

टोल, समुदाय, बस्ती वा वडा भित्रको कुनै निश्चित भौगोलिक क्षेत्र लाई कार्यक्षेत्र बनाएर त्यस भौगोलिक क्षेत्रमा बसोबास भएका बालबालिकालाई समेटिएर गठन भएको बालसमूह/क्लब लाई समुदाय/टोलस्तरीय बालसमूह भनिनेछ । यस्तो बालसमूह गठन गर्दा त्यस समुदाय भित्र बसोबास गर्ने १० वर्ष देखि १८ वर्ष सम्मका सबै लिंग, जातजाती, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

**ख) विद्यालय स्तरीय बालसमूह**

विद्यालयको सहयोगमा विद्यालयमा गठन भएका बालसमूहलाई विद्यालय स्तरीय बालसमूह भनिनेछ । पोखरा महानगरपालिकाका सबै सामुदायिक तथा निजी विद्यालयहरुमा एक विद्यालय स्तरीय बालसमूह हुनु अनिवार्य हुनेछ । विद्यालय स्तरीय बालसमूह गठन गर्दा कक्षा ५ देखि १२ सम्म अध्ययनरत १० देखि १८ वर्ष उमेर सम्मका सबै लिंग, जातजाती, आर्थिक हैसियत, शैक्षिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

विद्यालय स्तरको बालसमूह विद्यालयमा भएका बालबालिकाको सहभागिता रहेको सबै संगठनहरु जस्तो जुनियर रेडक्रस, स्काउट, सदन, हाउस, अन्य विषयगत समूहहरु आदीको साझा मञ्चको रुपमा पनि हुनेछ र विद्यालय स्तरको बालसमूह गठन गर्दा ती संगठनबाट प्रतिनिधित्व तथा सहभागिता अनिवार्य गर्नुपर्नेछ । विद्यालय स्तरको बालसमूहले आवश्यकता अनुसार कक्षा,

उमेर र विषयगत आधारमा उपसमुहहरु गठन गर्न सक्नेछ। विद्यालय स्तरीय बालसमूहमा सोहि विद्यालयमा अध्ययनरत छात्रछात्रा मात्र सदस्य हुन योग्य हुनेछन्। विद्यालय छाडेर गएको तथा १८ वर्ष उमेर पुरा भएको विद्यार्थी स्वत सदस्यको लागि अयोग्य हुनेछ।

**ग) विषयगत वा विशिष्टीकृत बालक्लब**

समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएको बालक्लब (जस्तोः अपाङ्गता भएका बालबालिकाहरुको समूह, श्रमिक बालबालिकाहरुको समूह, बालिकाहरुको मात्र समूह आदी)

**घ) संस्थागत बालक्लब**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, नेपाल सरकार,प्रान्तीय सरकार र स्थानीय तहका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल समूह गठन गर्न सक्नेछन्। बालगृह, सुधार गृह र पुर्नस्थापना केन्द्मा आश्रीत बालबालिकाहरुको बालसमूह पनि यसै अर्न्तगत पर्नेछन्। यस्ता बाल समूहहरुको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ, संरक्षक निकाय

तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन्।

**३.३ वडा बालमञ्च**

वडा भित्र संगठित सबै प्रकारका बालक्लबहरुको छाता संगठनको रुपमा प्रत्येक वडामा १/१ वडा बालमञ्च रहनेछन्। वडा बालमञ्चको गठन तथा पुनर्गठन गर्नु सम्बन्धित वडा कार्यालयको जिम्मेवारी हुनेछ। वडा भित्र क्रियाशिल र वडा कार्यालयमा सुचीकृत सबै बालसमूहहरु वडा बालमञ्चको सदस्य हुनेछन्। वडा बालपरिषदले वडा बालमञ्चको कार्यसमितिको चयन गर्नेछ।

**३.४ पोखरा महानगर बालमञ्च**

पोखरा महानगर भित्र संगठित भएका, क्रियाशिल र वडा कार्यालयमा सुचीकृत

वडा बालमञ्च तथा बालसमूहहरुको छाता संगठनको रुपमा पोखरा महानगर बालमञ्च हुनेछ। महानगर बालमञ्चको गठन/पुर्नगठन गर्नु पोखरा महानगर कार्यपालिकाको जिम्मेवारी हुनेछ। महानगर बालमञ्चको कार्यसमितिको चयन महानगर बालपरिषदले गर्नेछ।

४. **बाल समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण**
बाल समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्दा सामान्यतया देहायका सिद्धान्त तथा प्रकृया पूरा गर्नुपर्नेछ।

४.१ समुदायमा आधारित बाल समूह गठन गर्दा बालसमूह गठन गर्ने औचित्य र कारणहरू समेत स्पष्ट पारी सम्बन्धित समुदायको समुदायमा आधारित संस्था जस्तो टोलविकास संस्था, आमा समूह, युवासमूह सँग समन्वय सम्पर्क गरी बालबालिका तथा अविभावकहरूलाई खुला सूचना दिनुपर्नेछ।

४.२ समुदायमा आधारित संस्थासँग समन्वय गरी बालबालिकालाई अनुकुल हुनेगरी भेलाको मिति, समय र स्थान तोक्नुपर्ने हुन्छ र भेला बालबालिकाको लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा सामुदायिक भवनहरूमा आयोजना गर्नुपर्ने छ।

४.३ बालसमूह गठन गर्ने भेलामा त्यस समुदायका १० वर्ष देखि १८ वर्ष उमेरसम्मका इच्छुक बालबालिकाहरुको उपस्थिति हुनुपर्नेछ।

४.४ भेलामा छलफलका विषयहरु : बालअधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बालसहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, समूदायमा बाल समूह गठन गर्नुको कारण र योजना, बाल समूहको मुख्य उद्देश्य र कार्यक्रमहरू रहन सक्नेछन।

४.५ यस्ता अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा हुनुपर्दछ।

४.६ भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति र लिंग समेत जनाउने गरी उपस्थिति गराउन सकिने छ।

४.७ विद्यालयमा आधारित बाल समूह गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिनुपर्दछ । एवं भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नुपर्नेछ ।

४.८ विषयगत बाल समूह गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नुपर्नेछ ।

## परिच्छेद : ३

## बालसमूह/मञ्चको कार्यक्षेत्र र काम, कर्तव्य

### ५.कार्यक्षेत्र

बाल समुहको कार्यक्षेत्र समुदाय, विद्यालय, श्रम/कार्यक्षेत्र, सम्बन्धित संस्था र सम्बन्धित वडा तथा पोखरा महानगरपालिका रहनेछ । यसका अलवा आवश्यकताअनुसार बाल क्लबहरूले जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा समेत संगठित हुने, बैठक अन्तरक्रिया सञ्चालन गर्ने, सहभागी हुनुका साथै बालअधिकार प्रवर्द्धन सम्बन्धी विभिन्न वकालती कार्यहरू सञ्चालन गर्न सक्नेछन् ।

### ६.बाल समूह/मञ्चको काम कर्तव्य

बाल समूह तथा मञ्चले संस्थागत विकास, बालअधिकार सचेतना, पैरवी र अनुगमन, शैक्षिक तथा व्यक्तित्व विकास, सेवाका लागि सम्प्रेषण र सुझाव र सामुदायिक स्वंयसेवा लगायतका क्षेत्रहरुमा काम गर्न सक्नेछन् । सामान्यतय बालसमूह तथा बालमञ्चको काम कर्तव्य निम्न हुनेछन् ।

६.१ स्थानीय स्तरमा बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि संगठीत भई विविध क्रियाकलाप तथा अभियानहरुको माध्यमबाट सचेतना अभिवृद्धि गर्ने ।

६.२ बाल समूह तथा मञ्चहरूले आफ्नो क्षेत्रका विभिन्न सुरक्षित स्थानहरुमा गुनासो पेटिका राखेर, साथीहरूको समूहमा छलफल गरेर, आफ्नो वडा,

विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर र अन्य विभिन्न माध्यमबाट बालअधिकारको अवस्थाको अनुगमन गर्ने, अभिलेख राख्ने र अनुगमनबाट देखेका विषयहरु विद्यालय व्यवस्थापन समिति, वडा बालसंरक्षण समिति महानगर बालसंरक्षण समिति, वडा कार्यालय, महानगरपालिकाको कार्यालयमा आवश्यक कार्वाहीका लागि प्रस्तुत गर्ने ।

६.३ गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, सडक नाटक, रेडियो कार्यक्रम, सामाजिक संजालको प्रयोग, भित्ते पत्रिका, समाचार, बुलेटिन, पोष्टर, पत्रपत्रिकामा लेख लेखेर, आदिको माध्यमबाट बालअधिकारको प्रचारप्रसार गर्ने ।

६.४ समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा बालसंरक्षण समिति वा सेवा प्रदायक निकायहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्ने ।

६.५ बालसमूह/मञ्चका सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, सांस्कृतिक तथा प्रतिभा प्रस्फुटनका क्रियाकलापहरु, विभिन्न प्रतियोगिताहरु, छोटो समयका विभिन्न सीप, कलाका प्रशिक्षण कार्यहरु आदी संचालन गर्ने ।

६.६ बाल समूह/मञ्चहरूले सामूहिक रुपमा वा प्रतिनधि मार्फत् बालअधिकारका सवाल, सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूमा सम्बोधन गराउनका लागि बाल परिषद, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट, छलफल, गोष्ठी र अन्तरक्रिया जस्ता कार्यक्रमहरू संचालन गर्ने ।

६.७ बालमैत्री सुचकहरुको प्राप्ती र कार्यान्वयनको लागि सरोकारवाला निकायहरुको ध्यानाकर्षण र बालसमूह तथा मञ्चको तर्फबाट गर्न सक्ने क्रियाकलाप तथा अभियानहरु संचालन गर्ने ।

६.८ बालबालिकाको स्वास्थ्य, वातावरण संरक्षण र सरसफाई सम्बन्धि क्रियाकलापहरु संचालन गर्ने ।

६.९ बालबालिकाको बौद्धिक, शारीरिक तथा सामाजिक विकास गर्ने विभिन्न रचनात्मक कृयाकलापहरू संचालन गर्ने ।

६.१० विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालय भर्ना तथा निरन्तरताको लागि आवश्यक अभियान संचालन गर्ने । त्यस्तै खोप, जन्मदर्ता, बालविवाह विरुद्ध, लागुपदार्थ दुर्व्यसनि विरुद्ध अभियानहरु संचालन गर्ने ।

६.११ अपाङ्गता वा अन्य कारणहरूले गर्दा शैक्षिक अवसरबाट बञ्चित बालबालिकाको लागि मैत्री बिद्यालय निर्माणका निम्ति सहयोग पुऱ्याउने ।

६.१२ आफ्नो घरपरिवार, समुदाय र विद्यालयमा बालबालिकाको निम्ति समावेशी र सुरक्षित वातावरण सृजना गर्न क्रियाशिल रहने ।

६.१३ बालबालिकासँग सम्बन्धित विभिन्न सरकारी, गैह्रसरकारी र निजि संघ संस्थासँग सम्बन्ध र समन्वय कायम गरी बालबालिकाको उच्चतम हितमा निरन्तर कार्य गर्ने ।

६.१४ विद्यालय तथा समुदायको विकासमा सदैव जागरुक भई योगदान पुऱ्याउने ।

६.१५.शैक्षिक संस्थालाई शान्ति क्षेत्र बनाउने विभिन्न गतिविधिहरु संचालन गर्ने ।

६.१६ शैक्षिक क्यालेण्डरको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउने ।

६.१७ बालबालिकाहरू बिच आपसी मेलमिलाप तथा सहिष्णुताको भावना विकास गर्दै समाजमा रहेका विकृतिहरूको अन्त्यका निम्ति व्यवहारिक सिपमा अभ्यास गर्दै सामाजिक परिवर्तनको लागि परिचालित हुने ।

**७. बाल समूह/मञ्चले सञ्चालन गर्ने कार्यक्रमहरूको सीमा :**

बाल समूह/मञ्चले देहायका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने छैनन्

७.१ कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनको पक्षपोषण गर्ने ।

७.२ समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउज्यान माथि क्षति पुऱ्याउने कार्य ।

७.३ समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

७.४ हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू ।

७.५ सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिनेछ ।

७.६ उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु ।

७.७ बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु

७.८ सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।

७.९ सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

७.१० सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बालअधिकारकर्मी, स्थानीय बालसंरक्षण समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा स्थानीय सरकार वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।

**८. बाल समूह/मञ्चको कार्यालय**

प्रत्येक बाल समूह/मञ्चको आफ्नै सचिवालय रहनेछ । यसका लागि बाल

समूहले आफै व्यवस्था गर्न नसकेको स्थितिमा सम्बन्धित समुदाय, विद्यालय, वडा तथा नगरपालिकाद्वारा बाल समुह/मञ्चहरूको निम्ति सचिवालयको व्यवस्था मिलाईदिनुपर्नेछ । विद्यायलयस्तरीय बालसमुहको प्रधानाध्यापकले खटाइदिएको कुनै कक्षमा र टोलस्तरीय बालसमुहको टोलविकास संस्थाको अध्यक्षले तोकेको स्थानमा हुनेछ ।

## परिच्छेद : ४

## बालसमूह/मञ्चको सदस्यता सम्बन्धि व्यवस्था

### ९. सदस्यता

९.१ विद्यालयमा सञ्चालित बाल समूहको हकमा विद्यालयमा अध्ययनरत बालबालिकाहरू विद्यालयमा रहुन्जेल मात्र बाल समूहको सदस्य हुन योग्य हुनेछन् ।

९.२ समुदायमा रहेका बालबालिकाहरु १८ वर्ष उमेर पूरा नहुन्जेलसम्म बाल समुह/समूहका सदस्य हुन योग्य हुनेछन् ।

९.३ बाल समूहमा निम्न प्रकारका सदस्य रहन सक्नेछन् ।

क) साधारण सदस्य

ख) कार्यसमिति सदस्य

९.४ विषयगत वा विशिष्टीकृत बालक्लबको सदस्यता सम्बन्धित विषयमा प्रत्यक्ष सरोकार राख्ने तथा सम्बन्धित विशेषता भएका बालबालिका मात्र साधारण सदस्य तथा कार्यसमिति सदस्य हुनेछन् ।

९.५ संस्थागत बालक्लबको सदस्यता सम्बन्धित संस्थाको स्थापीत मान्यता,

नियम बमोजिम तय गरिएको आधारमा हुनेछ ।

९.६ वडामा संगठित क्रियाशिल सबै बालक्लबहरु वडा बालमञ्चका स्वत साधारण सदस्य हुनेछन् र त्यसको प्रतिनिधित्व सामान्यत बालक्लबका अध्यक्ष वा बालसमूहको बैठकले तोकेको प्रतिनिधिले गर्नेछन् । वडा बालपरिषद बाट निर्वाचित वडा बालमञ्चको कार्यसमिति सदस्य हुनेछन् ।

९.७ पोखरा महानगर बालमञ्चको सदस्यता २ प्रकारको हुनेछ

क) महानगर बालपरिषद सदस्य

प्रत्येक वडा बालमञ्चबाट अध्यक्ष १, बालपरिषद प्रतिनिधि १, अपाङ्गता भएका, श्रममा संलग्न र अनाथ, असाहय, जोखिम परिस्थितीका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्येबाट १ गरी प्रति वडा ३ जनाका दरले कम्तिमा ५० प्रतिशत बालिका यसको सदस्य रहनेछन् ।

ख) महानगर कार्यसमिति सदस्य

पोखरा महानगर बालमञ्चको बालपरिषदबाट कार्यसमिति सदस्यका लागि निर्वाचित सदस्य यस अन्तर्गत हुनेछन् । कार्यसमिति सदस्य बढीमा १५ जना सम्म हुनेछन् ।

९.८ राजनितिक प्रयोजनका लागि संगठित संघसंगठन तथा दलको सदस्यता लिएका बालबालिका बालसमूह तथा बालमञ्चको सदस्य हुन अयोग्य हुनेछन् ।

९.९ वडा बालमञ्च तथा महानगर बालमञ्चको कार्यसमितिको पदावधि २ वर्षको हुनेहुँदा कार्यसमिति सदस्य १२ वर्ष देखि १६ वर्ष उमेर सम्मका मात्र हुन पाउनेछन् । कक्षा ६ देखि कक्षा ९ सम्ममा अध्ययन गर्ने १६ वर्ष भित्रका विद्यार्थीहरु मात्र मूल कार्यसमितिको लागि योग्य मानिनेछ ।

**१०.सदस्यता प्राप्त गर्ने विधि**

१०.१ इच्छुक बालबालिकाले अनिवार्य रुपमा जन्मदर्ता पेश गरी बाल समूह आवद्धताका लागि आवेदन गरेपछि कार्यसमितिले सदस्यता प्रदान गर्न सक्नेछ ।

१०.२ बाल समूहको सदस्यता लिनको लागि प्रत्येक सदस्यले कार्यसमितिले तोके बमोजिमको प्रवेश शुल्क र मासिक शुल्क तिर्नुपर्नेछ ।

१०.३ शुल्क लिने नलिने वा कति लिने भन्ने कुरा बाल समुह/समूहको कार्य समितिले तोके बमोजिम हुनेछ ।

**११. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन**

बाल समूह/मञ्चका सदस्यहरूले उपयुक्त अवसरहरू प्राप्त गरी आफ्नो व्यक्तित्व विकास गर्न समान अवसर प्राप्त गरुन् भन्ने मान्यता बाल समूह/मञ्चको नेतृत्व गर्ने समूहले राख्नुपर्दछ । बाल प्रतिनिधि र संरक्षकले सहभागितामा देहायका विषयमा ध्यान दिनुपर्नेछ ।

११.१ समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समूहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर प्रदान गर्ने ।

११.२ आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनुपर्नेछ ।

११.३ बाल समूह/मञ्चको प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै कार्यक्रममा जानुअघि आफ्नो समूहका सदस्य र सहजकर्तासँग आफूले के कस्ता सवाल उठाउने भनि छलफल र परामर्श गर्नुपर्नेछ ।

११.४ बाल समूह/मञ्चका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो समूहका सदस्यहरू र संरक्षकको बैठक राखी आफू सहभागी भएको कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ। प्रतिवेदन लेखेर बाल समूहको फाइल वा माइन्युट सँगै राख्नुपर्नेछ ।

**१२. सदस्यबीच रहेको फरक मतको सम्मान तथा कार्यक्रमको सहजीकरण**

सामान्यतया बाल समूह/मञ्चमा सिर्जना हुने फरक मत देहायका उपायहरु अवलम्बन गरी समाधान गर्न सकिनेछ :

१२.१ बाल समूह/मञ्चको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरूलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो विचार राख्न लगाउनुपर्दछ ।

१२.२ बाल समूह/मञ्च को बैठक बस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रक्रियाका बारेमा आचारसंहिता निर्माण गर्नुपर्दछ ।

१२.३ बाल समूह/मञ्च का सदस्यहरू माझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्त भएमा ती कार्यक्रमहरूको सूची बनाउने र सदस्यहरूलाई आपसी छलफल गरी कार्यक्रमहरूको प्राथमिकता साथ छनौट गर्न लगाउनु पर्ने छ । कार्यक्रमको छनौट गर्दा देहायका आधारमा गर्नुपर्ने छ ।

क) बालबालिकाले रुचिकर मान्ने, सृजनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरूलाई पहिलो प्राथमिकता दिने ।

ख) बालअधिकारको प्रचार प्रसार हुने र अविभावक, निर्णयकर्ताहरू तथा समुदायमाझ बालबालिकाको सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकतामा दिने ।

ग) बाल समूह/मञ्च ले गर्न नहुने भनेका कार्यक्रमहरू छनौट नगर्ने ।

घ) बाल समूह/मञ्च लाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरू छनौट नगर्ने ।

ङ) समुदाय र समुदायका अन्य संस्थाहरू सँग द्वन्द्व वा मनमुटाव हुनसक्ने कार्यक्रमहरू नगर्ने ।

च) धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्नुपर्ने कार्यक्रमहरू नगर्ने ।

छ) अन्य बाल समूह वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरू भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

१२.४ बाल समूह/मञ्च का सदस्यहरू माझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरू आएमा ती धारणाहरूलाई समावेश गरी साझा

धारणा बनाउनुपर्नेछ । यसका लागि देहायका कार्यहरू गर्न सकिनेछ ।

क) सबै सदस्यहरूले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोट्करीमा राख्न दिने । विचार राख्दा अरुको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने विषयलाई प्रशय नदिने ।

ख) फरक फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।

ग) यदि नितान्त विपरीत धारणाहरू आएमा बाल समूह/मञ्च को बैठकमा ती फरक धारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बाल समूह/मञ्च ले गतिविधि सञ्चालन गर्ने ।

१२.५ बाल समूह/मञ्च का सदस्यहरू माझ आर्थिक वा संगठन व्यवस्थापनका विषयमा फरक धारणा भएमा देहाय बमोजिम सहजीकरण गर्न सकिनेछ ।

क) बाल समूह/मञ्च का सदस्यहरू माझ नै फरक मतको विषयमा छलफल गरी आपसी सहमति सृजना गर्ने ।

ख) बाल समूह/मञ्च का सदस्यहरूले उठाएको फरक मतको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सूची बनाउने ।

ग) विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बाल समूहको हकमा आवद्ध समितिका संरक्षकले सम्बन्धित फरक मतमा अध्ययन गरी निर्णय प्रदान गर्ने ।

१२.५ बाल समूहभित्र आउने फरक मतको समाधान गर्ने बैठकमा सल्लाहकार, संरक्षक, आवद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्नेछ ।

## परिच्छेद : ५
## बालपरिषद सम्बन्धि व्यवस्था

### १३. बालपरिषद, वडा बालपरिषद र महानगर बालपरिषद

#### १३.१ बालपरिषद

क) प्रत्येक बालसमूहको बालपरिषद वर्षको एकपटक वैशाख पहिलो साता सम्ममा बस्नेछ र सम्बन्धित बालसमूहका सबै सदस्यहरू उक्त परिषदका सदस्य हुन योग्य हुनेछन् । बालपरिषद बालसमूहको सर्वोच्च अंग हुनेछ ।

ख) बालपरिषदमा बाल समूह को गतिविधि प्रस्तुत गरी आवश्यक नीति तथा कार्य योजना तयार गर्ने साथै विगतको कार्यक्रमहरुको बारेमा समेत समीक्षा गरिनेछ ।

ग) प्रत्येक वर्ष बस्ने बालपरिषदले वार्षिक आय व्यय तथा कार्यक्रम पारित गर्नुका साथै नयाँ कार्य समितिको चयन गर्नेछ ।

घ) बालपरिषदले अन्य आवश्यक कार्यहरु गर्नेछ ।

ङ) बालपरिषदले कार्यसमितिलाई विशेष सहयोग र सरसल्लाह दिने छ ।

च)बालपरिषदमा उपस्थित हुनको लागि सम्पूर्ण सदस्यहरूलाई कम्तिमा ७ दिन अगावै सूचना दिनुपर्नेछ ।

छ) बालपरिषदको बैधानिक संचालनका लागि कूल सदस्य संख्याको कम्तीमा एक तिहाई (३३.३३ प्रतिशत) उपस्थित हुनु पर्नेछ । यदि गणपुरक संख्या प्रयाप्त हुन नसकेर स्थगन गरिएको बैठक सोहि बिषय उपर छलफल तथा निर्णय गर्नका लागि स्थगत भएको मितिले १५ दिन सम्ममा पुन बस्न सक्नेछ । यस पुन बस्ने बैठकका लागि जेजति सदस्यहरु उपस्थित छन् त्यसैलाई नै गणपुरक संख्या मानि बैठक सुचारु रुपमा अगाडि बढ्न सक्नेछ ।

ज) बालपरिषदमा उपस्थित पदाधीकारीहरु तथा सदस्यहरुको उपस्थिति, छलफलको बिषयसूची र बिषयसूची अनुसार छलफल गरिएको निर्णयलाई निर्णय पुस्तिका (माईन्यूट) मा लेखेर राखिने छ । यसको प्रमाणीकरणका लागि

सभाको अध्यक्ष, सचिव र कम्तीमा एक जना साधारण सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

झ) प्रत्येक साधारण सदस्यलाई मतदानको अधिकार हुनेछ ।

**१३.२ वडा बालपरिषद**

क) पोखरा महानगर भित्रका प्रत्येक वडा कार्यालयहरुले हरेक वर्ष वैशाख मसान्त भित्र वडा बालपरिषद गरिसक्नुपर्नेछ । यसमा सम्बन्धित वडा कार्यालयले आँफै अथवा आवश्यकता परेमा सामाजिक संघसंस्थाको सहयोग र समन्वयमा कार्य गर्न सकिनेछ ।

ख) सम्बन्धित वडामा सुचिकृत भई क्रियाशिल बालसमूह वडा बालपरिषदको स्वत सदस्य हुनेछन र त्यसको प्रतिनिधित्व सामान्यत सम्बन्धित बालसमूहको अध्यक्ष वा बालसमूहको बैठकले तोकेको प्रतिनिधिले गर्नसक्नेछन् । बालसमूहले वडा बालपरिषदमा प्रतिनिधि पठाउँदा जन्मदर्ता प्रमाणपत्रको फोटोकपि र प्रतिनिधि तोकिएको सम्बन्धि बैठकको निर्णय पनि सँगै पेश गर्नुपर्नेछ ।

ग) वडा बालपरिषद वडा बालमञ्चको सर्वोच्च अंग हुनेछ ।

घ) वडा बालपरिषदले वडास्तरका बालबालिकाका सवालहरु पहिचान गरी आवश्यक नीति तथा कार्यक्रमहरुको तर्जुमा र प्राथमिकिकरण गरी महानगर बालपरिषद तथा वडा कार्यालयमा पेश गर्नेछ अथवा वडा बालमञ्चको कार्यसमिति लाई अधिकार प्रत्योजन गर्न सक्नेछ ।

ङ) वडा बालमञ्चले गरेका वार्षिक गतिविधि, प्रगति, वार्षिक आय व्यय पारित गर्नेछ ।

च) वडा बालपरिषदले प्रत्येक २ वर्षमा २ वर्षे कार्यकाल को लागि प्रजातान्त्रीक विधि र समावेशीताको आधारमा वडा बालमञ्चको कार्यसमिति सदस्यहरुको चयन गर्नेछ ।

छ) वडा बालपरिषदले कार्यसमितिलाई विशेष सहयोग र सरसल्लाह दिनेछ ।

ज) बालपरिषदमा उपस्थित हुनको लागि सम्पूर्ण सदस्यहरूलाई कम्तिमा ७ दिन अगावै सूचना दिनुपर्नेछ ।

झ) वडा बालपरिषदको बैधानिक संचालनका लागि कूल सदस्य संख्याको

कम्तीमा बहुमत सदस्य (५१ प्रतिशत) उपस्थित हुनुपर्नेछ । यदि गणपुरक संख्या प्रयाप्त हुन नसकेर स्थगन गरिएको परिषद सोहि बिषय उपर छलफल तथा निर्णय गर्नका लागि स्थगित भएको मितिले १५ दिन सम्ममा पुन बस्न सक्नेछ । यस पुन बस्ने वडा बालपरिषदका लागि जेजति सदस्यहरु उपस्थित छन् त्यसैलाई नै गणपुरक संख्या मानि बालपरिषद सुचारु रुपमा अगाडि बढ्न सक्नेछ ।

ञ) बालपरिषदमा उपस्थित पदाधिकारीहरु तथा सदस्यहरुको उपस्थिति, छलफलको बिषयसूची र बिषयसूची अनुसार छलफल गरिएको निर्णयलाई निर्णय पुस्तिका (माईन्यूट) मा उतार गर्नुपर्नेछ । यसको प्रमाणीकरणका लागि सभाको अध्यक्ष, सचिव र कम्तीमा एक जना साधारण सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

ट) प्रत्येक बालपरिषद सदस्यलाई मतदानको अधिकार हुनेछ ।

ठ) वडा बालपरिषदको सभा अध्यक्षता वडा बालमञ्चको कार्यसमितिको अध्यक्षले र सभाको संचालन सचिव वा सहसचिव मध्ये एक जनाले गर्नेछन् ।

### १३.३ महानगर बालपरिषद

क) महानगर बालपरिषद महानगर बालमञ्चको सर्वोच्च अंग हुनेछ ।

ख) पोखरा महानगरपालिकाका ३३ वडाका १/१ वडा बालमञ्च अध्यक्ष र १/१ महानगर बालपरिषद प्रतिनिधि गरी ६६ जना (जसमा ५०% बालक र ५०% बालिका अनिवार्य) र अपाङ्गता भएका १, श्रममा संलग्न १ र अनाथ, असाहय, जोखिम परिस्थितीका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्येबाट २ गरी ७० जना यसका सदस्य हुनेछन् ।

ग) बालपरिषदले प्रतिनिधिले महानगर बालपरिषदमा सहभागिताको लागि जन्मदर्ता प्रमाणपत्रको फोटोकपि र प्रतिनिधि तोकिएको सम्बन्धि वडा बालमञ्चको बैठकको निर्णय पनि सँगै पेश गर्नुपर्नेछ ।

घ) प्रत्येक वर्ष जेठको पहिलो हप्ता सम्ममा महानगर वालपरिषद आयोजना गरि सक्नुपर्नेछ । महानगरपालिका आफैं अथवा बालबालिकाको क्षेत्रमा

महानगरपालिका भित्र काम गर्ने संघसंस्थासँगको समन्वयमा महानगर बालपरिषद आयोजना गर्न सकिनेछ ।

ङ) महानगर बालपरिषदले वडा बालपरिषद बाट प्राथमिकिकरण भई आएका सवाल तथा कार्यक्रमको सुचिकरण गर्ने र महानगरस्तरमा बालबालिकाको सवाल पहिचान गरी बालबालिकाको क्षेत्रमा नीति कार्यक्रम तर्जुमा गर्नेछ । उक्त नीति तथा कार्यक्रमहरुको प्राथमिकिकरण गरी अभिलेखिकरण गर्न र पोखरा महानगरपालिकाको योजना तर्जुमा समावेश गराउन बालपरिषदको सचिवालय एवं कार्यसमितिलाई जिम्मेवारी दिनेछ ।

च) महानगर बालपरिषदले प्रत्येक २ वर्षमा २ वर्षे कार्यकाल को लागि महानगर बालमञ्चको कार्यसमिति चयन गर्नेछ ।

छ) संघ, प्रदेश र पोखरा महानगरको बालबालिका सम्बन्धि ऐन र निर्देशिकासँग नबाझिने गरी आवश्यकता अनुसार महानगर बालमञ्चको विधान, कार्यविधि तथा आचारसंहिता बनाउन कार्यसमितिलाई जिम्मेवारी दिने तथा कार्यसमितिले पेश गरेको विधान, कार्यविधि तथा आचारसंहितामा आवश्यक छलफल गरी पारित गर्नेछ ।

ज) महानगर बालमञ्चले गरेका वार्षिक गतिविधिको वार्षिक प्रतिवेदन पेश गर्नेछ ।

झ) महानगर बालपरिषदले कार्यसमितिलाई विशेष सहयोग र सरसल्लाह दिने छ ।

ञ) बालपरिषदमा उपस्थित हुनको लागि सम्पूर्ण सदस्यहरूलाई कम्तिमा ७ दिन अगावै सूचना दिनुपर्नेछ ।

ट) बालपरिषदको बैधानिक संचालनका लागि कूल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत उपस्थित हुनु पर्नेछ ।

ठ) बालपरिषदमा उपस्थित पदाधिकारीहरु तथा सदस्यहरुको उपस्थिति, छलफलको बिषयसूची र बिषयसूची अनुसार छलफल गरिएको निर्णयलाई निर्णय पुस्तिका (माईन्यूट) मा उतार गरिनेछ । यसको प्रमाणीकरणका लागि सभाको अध्यक्ष, सचिव र कम्तीमा एक जना महानगर बालपरिषद सदस्यले

हस्ताक्षर गरेको हुनुपर्नेछ ।

ड) प्रत्येक महानगर बालपरिषद सदस्यलाई मतदानको अधिकार हुनेछ ।

ढ) बालपरिषदको सभाको अध्यक्षता महानगर बालमञ्चको कार्यसमितिको अध्यक्षले नै गर्नेछन् भने सभाको संचालन सचिव वा सहसचिवले गर्नेछन् ।

## परिच्छेद : ६
## कार्यसमिति गठन र काम, कर्तव्य र अधिकार

**१४. कार्यसमितिको गठन विधि तथा पदावधि**

१४.१ बालसमूहको कार्यसमितिको गठन बालपरिषदमा उपस्थित सदस्यहरु मध्येबाट सहमतीय प्रणालि, प्रजातान्त्रिक विधि तथा समावेशीताको सिद्धान्तको आधारमा गर्नुपर्नेछ । भरसक सहमतीय प्रणालिको आधारमा नै गर्नुपर्नेछ । बालपरिषदले कम्तीमा ७ देखि बढीमा १५ सदस्यीय कार्यसमिति सदस्यहरुको चयन गर्नेछ। बालमञ्चको हकमा अनुसुचि ५ बमोजिम गर्न सकिनेछ ।

१४.२ बालमञ्चको नयाँ कार्यसमिति सदस्यहरुको निर्वाचनका लागि तत्कालिन कार्यसमितिले ३ देखि बढीमा ५ सदस्यीय निर्वाचन समितिको गठन गर्न सक्नेछ । निर्वाचन समितिमा बालअधिकार अभियान्ता, संरक्षक, सल्लाहकार, सहजकर्ता र कानुन व्यवसायि मध्येबाट रहन सक्नेछन ।

१४.३ निर्वाचित कार्यसमिति सदस्यहरुको पहिलो बैठकले देहाय बमोजिमको पदाधिकारी चयन विधिको प्रयोग गरी नेतृत्व वा पदाधिकारीको चयन गर्नेछ। अध्यक्ष - १, उपाध्यक्ष-१, सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१ र आवश्यकता अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्ष बाहेकका पदाधिकारी र कार्यसमिति सदस्यहरु मध्येबाट विषयगत संयोजकहरु

१४.४ बाल समूह/मञ्चका सदस्यहरू माझ नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा देहायको अभ्यास गर्न सकिनेछ :

क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल समूहलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न सक्ने ।

ख) नेतृत्व गर्न चाहने सदस्यहरू मात्र छलफल गरी सहमतिमा अग्रसर हुने ।

ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।

घ) नेतृत्व गर्न चाहनेहरू माभ्कको सान्दर्भिक समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।

ङ) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरू मध्यबाट मतदान प्रक्रियावाट चयन गर्नुपर्नेछ । मतदान प्रक्रियाको सहजिकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्तावाट गर्नुपर्नेछ । मतदान प्रक्रियामा जाँदा व्यक्तिगत रुपमा प्रचार प्रसार गर्न नपाउने व्यवस्था गर्नुपर्नेछ ।

१४.५ वडा बालमञ्चको कार्यसमितिले नेतृत्व बहुपदिय विधिबाट चयन गरेको अवस्थामा पहिलो बैठकमा र चक्रिय विधिबाट नेतृत्व चयन भएको अवस्थामा महानगर बालपरिषदमा सहभागिताको लागि महानगर बालमञ्चबाट सुचना आएपछिको बैठकमा महानगर बालपरिषद प्रतिनिधि-१ जनाको चयन गर्नुपर्नेछ । महानगर बालपरिषद प्रतिनिधिको चयन गर्दा वडा बालमञ्चको नेतृत्व अध्यक्षको लिंग, जाती र भेग सँग फरक पर्ने गरी गर्नुपर्नेछ ।

१४.६ बालसमूह/बालमञ्चको कार्यसमितिमा निर्वाचित पदाधिकारी कारणवश वा कारबाही स्वरुप पदबाट मुक्त भएमा कार्यसमितको बैठकले प्रजातान्त्रिक विधिबाट रिक्त पद पुर्ति गर्न सक्नेछ तर वडा तथा महानगर बालमञ्चको कार्यसमिति सदस्यहरुको हकमा भने एक कार्यकालमा बढीमा २ जना सम्मलाई मात्र कार्यसमितिले मनोनित गर्न सक्नेछ ।

१४.७ बालसमूह तथा बालमञ्चको कार्यसमितिले आवश्यक परेमा एक बैठकमा बढीमा २ जना बालबालिका सम्मलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ । तर एकै व्यक्तिलाई बढीमा २ पटक भन्दा आमन्त्रण गर्न सकिनेछैन र आमन्त्रित सदस्यलाई मतदानको अधिकार हुनेछैन ।

१४.८ वडा र महानगर बालञ्चको कार्यसमितिको पदावधि निर्वाचन भएको

मितिले २ वर्षको हुनेछ ।

१४.९ कार्यसमितिका पदाधिकारीहरु पुनः निर्वाचित हुन सक्नेछन् तर एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष पदमा बहाल पदाधिकारी भने सोही पदमा पुन निर्वाचित हुन सक्ने छैनन् ।

१४.१० कार्यसमितिको प्रमुख पद र सदस्यमा कम्तिमा ४० प्रतिशत बालक अथवा बालिका हुनुपर्नेछ । सबै क्षेत्र, जातजाती, विशेष क्षमता र परिस्थितिका बालबालिकाको समावेशी प्रतिनिधित्वलाई प्राथमिकता दिनुपर्दछ । तर विशेष उद्देश्यले गठन भएका बाल समुहहरुको हकमा यो लागु हुने छैन ।

१४.११ एउटै समयमा वडा बालमञ्चको महत्वपूर्ण ५ पद मध्ये कुनै एकमा वहाल रहेको पदाधिकारी महानगर बालमञ्चको मुख्य ५ पद( अध्यक्ष/उपाध्यक्ष/सचिव, सहसचिव र कोषाध्यक्ष) मध्ये कुनै एकमा वहाल भएमा स्वतः वडा बालमञ्चको पद निश्क्रिय हुनेछ र यस्तो पदमा अर्को व्यक्ति मनोनयन हुनेछ । तर बालसमूहको हकमा भने यो व्यवस्था लागु हुने छैन ।

१४.१२ वडा बालमञ्च तथा महानगर बालमञ्चको कार्यसमिति सदस्य तथा पदाधिकारीमा १२ वर्ष देखि १६ वर्ष सम्मका कक्षा ६ देखि कक्षा ९ सम्मका बालबालिका मात्र निर्वाचित हुनसक्नेछन् । १७ देखि १८ वर्ष सम्मका बालबालिका सल्लाहकारको रुपमा रहन बाधा पर्ने छैन । कार्यसमिति सदस्यमा उम्मेदवारी दिँदा जन्मदर्ता अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१४.१२ बालसमूह तथा बालमञ्चमा एक व्यक्ति एक पदको सिद्धान्त लागू हुनेछ ।

**१५. बालसमूह तथा मञ्चको कार्यसमितिको बैठक**

१५.१ बालसमूह तथा मञ्चको कार्यसमितिको बैठक कम्तीमा महिनाको एक पटक नियमित रुपमा बस्नेछ ।

१५.२ अध्यक्षको सल्लाह अनुसार सचिवले कार्यसमितिको बैंठक बोलाउनेछ ।

१५.३ कार्यसमितिको बैठकमा लगातार तीन पटकसम्म विना जानकारी उपस्थित नभएमा कार्यसमितिले त्यस्तो सदस्यलाई पदमुक्त गर्न सक्नेछ ।

त्यस्तो रिक्त पदका लागि सल्लाहकार तथा संरक्षकको परामर्शमा कार्यसमितिले बाँकी सदस्यहरूमध्येबाट पुन मनोनयन गर्न सकिनेछ ।

१५.४ सचिवको अनुपस्थितिमा अध्यक्ष आफैले वा सह-सचिव मार्फत बैठक बोलाउन सकिनेछ ।

**१६.कार्यसमितिको काम, कर्तव्य र अधिकार**

**१६.१ बालसमूहको कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

क) बाल परिषदले तय गरेको कार्ययोजनाको कार्यान्वयन गराउने ।

ख) दफा ६ बमोजिमका क्रियाकलाप तथा अभियानहरु संचालन गर्ने ।

ग) बार्षिक प्रतिवेदन र संभावित भावि कार्ययोजना तयार गरी बालपरिषदमा पेश गर्ने ।

घ) विद्यालय प्रशासन, शिक्षक, व्यवस्थापन समिति, अभिभावक र सामुदायिक संघसंस्थाहरुसँग आवश्यकता अनुसार सम्बन्ध विस्तार, समन्वय गर्ने ।

ङ) आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न र विषयगत संयोजक तोक्न सक्ने ।

च) वडा बालमञ्चबाट प्राप्त निर्देशनहरुको कार्यान्वयन गर्ने ।

छ) बालसमूहमा आबद्ध बालबालिकाहरुको विवरण, अभिलेख राख्ने ।

ज) वडा बालपरिषदको लागि प्रतिनिधि तोक्ने र बालपरिषदको लागि माग गर्ने कार्यक्रम, समस्या तथा सवालहरुको सुचि तयार पार्ने र समाधानका लागि समस्या समाधान सम्बन्धी क्रियाकलापका बारेमा छलफल गरी आगामी योजनामा पार्न वडा कार्यालयमा पेश गर्ने

झ) समुदाय तथा विद्यालयमा भए गरेका बालअधिकार हनन, हिंसाका घटनाहरुको अभिलेख राख्ने र वडा बालमञ्च, वडा बालसंरक्षण समितिमा जानकारी गराउने ।

**१६.२ वडा बालमञ्चको कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) वडा बालपरिषदको सचिवालयको रुपमा सम्पुर्ण कार्यकारी काम गर्ने ।

ख) वडा बालपरिषदबाट पारित भएको कार्ययोजनाको कार्यान्वयन गर्ने गराउने ।

ग) महानगर बालपरिषदका लागि बालपरिषद प्रतिनिधिको चयन गर्ने ।

घ) बालमैत्री वडा बनाउन सहयोग गर्ने ।

ङ) वडा बालपरिषदले पहिचान गरेका सवाल तथा माग गरेका कार्यक्रमहरुमा आधारित रहेर पहिलो बैठकबाट प्राथमिकिकरण गरी वडामा कार्यक्रम माग गर्ने र प्राथमिकिकरण गरिएका सवाल तथा कार्यक्रमहरुलाई महानगर बालपरिषदमा पेश गर्न वडा बालमञ्च अध्यक्ष र बालपरिषद प्रतिनिधिलाई जिम्मेवारी दिने ।

च) वडा भित्र बालबालिका माथि भए गरेका बालअधिकार हनन तथा बालसंरक्षण विरुद्धका कार्यहरुको अभिलेख राख्ने र बालसंरक्षण समिति लगायत सम्बन्धित निकाय तथा सरोकारवाला पक्षहरुको लिखित तथा मौखिक रुपमा ध्यानाकर्षण गराउने, जानकारी गराउने ।

छ) महानगरपालिकाको सभाबाट पारित बालबालिका सम्बन्धि नीति, कार्यक्रमको कार्यान्वयन गर्न गराउन पैरवी गर्ने, ध्यानाकर्षण गराउने । कार्यान्वयनको अवस्था सम्बन्धि अनुगमन गर्ने र बालबालिकाको तर्फबाट सल्लाह सुझाव दिने ।

ज) आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न, कार्यसमिति सदस्यहरुलाई विभिन्न क्षेत्र तथा विषयको संयोजक तथा सहसंयोजक तोकेर जिम्मेवारी दिन सक्ने ।

झ) सरकारी, गैह्रसरकारी तथा निजि क्षेत्रबाट वडा स्तरमा हुने बालबालिकासँग सरोकार राख्ने विभिन्न कार्यक्रमहरु, संयन्त्रहरु तथा समितिहरुमा वडा भित्रका सम्पुर्ण बालबालिकाको प्रतिनिधित्व गर्ने र त्यसका लागि प्रतिनिधि चयन गरी सहभागि गराउने ।

ञ) वडा बालसंरक्षण समितिमा बालबालिकाको प्रतिनिधित्व गर्ने र त्यसका लागि प्रतिनिधि चयन गरी सहभागि गराउने ।

ट) वडा भित्र गठन भएका बालक्लबहरुको अभिलेख राख्ने र सो को जानकारी

वडा कार्यालय गराउने ।

ठ) दफा ६ बमोजिमका क्रियाकलाप तथा अभियानहरु संचालन गर्ने ।

**१६. ३ महानगर बालमञ्चको कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

क) महानगर बालपरिषदको सचिवालयको रुपमा सम्पुर्ण कार्यकारी काम गर्ने ।

ख) महानगर बालपरिषदबाट पारित भएको कार्ययोजनाको कार्यान्वयन गर्ने गराउने ।

ग) महानगर बालपरिषदबाट पहिचान भएका सवाल तथा माग गरेका कार्यक्रमहरु प्राथमिकिकरण गरी महानगरपालिकाको योजना तर्जुमा प्रकृयामा पेश गर्न तथा कार्यक्रम माग गर्न सक्ने ।

घ) बालमैत्री महानगर बनाउने अभियानमा सहयोग गर्ने ।

ङ) महानगरपालिकाको सभाबाट पारित बालबालिका सम्बन्धि नीति, कार्यक्रमको कार्यान्वयन गर्न गराउन पैरवी गर्ने, ध्यानाकर्षण गराउने । कार्यान्वयनको अवस्था सम्बन्धि अनुगमन गर्ने र बालबालिकाको तर्फबाट सल्लाह सुझाव दिने ।

च) महानगर क्षेत्र भित्र बालबालिका माथि भए गरेका बालअधिकार हनन तथा बालसंरक्षण विरुद्धका कार्यहरुको अभिलेख राख्ने र महानगरपालिकाको कार्यपालिका, महानगर बालसंरक्षण समिति तथा सरोकारवाला पक्षहरुलाई लिखित तथा मौखिक रुपमा ध्यानाकर्षण गराउने, जानकारी गराउने ।

छ) महानगर बालमञ्च तथा वडा बालमञ्चले महानगरपालिका तथा वडा कार्यालयसँग समन्वयमा कार्यक्रम गर्न सक्नेछ ।

ज) संघ, प्रदेश र पोखरा महानगरको बालबालिका सम्बन्धि ऐन र यस निर्देशिका सँग नबाझिने गरी महानगर बालमञ्चको विधानको मस्यौदा तयार गरी पारितको लागि महानगर बालपरिषदमा पेश गर्न सक्ने ।

झ) आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न, कार्यसमिति सदस्यहरुलाई विभिन्न क्षेत्र तथा विषयको संयोजक तथा सहसंयोजक तोकेर जिम्मेवारी दिन सक्ने ।

ञ) महानगर भित्र क्रियाशिल वडा बालमञ्च तथा बालक्लबहरुको अभिलेख राख्ने ।

ट) सरकारी, गैह्रसरकारी तथा निजि क्षेत्रबाट महानगर स्तरमा हुने बालबालिकासँग सरोकार राख्ने विभिन्न कार्यक्रमहरु, संयन्त्रहरु तथा समितिहरुमा पोखरा महानगरपालिकाका सम्पुर्ण बालबालिकाको प्रतिनिधित्व गर्ने र त्यसका लागि प्रतिनिधि चयन गरी सहभागि गराउने ।

ठ) पोखरा महानगर बालसंरक्षण समितिमा बालबालिकाको प्रतिनिधित्व गर्ने र त्यसका लागि प्रतिनिधि चयन गरी सहभागि गराउने ।

ड) दफा ६ बमोजिमका क्रियाकलाप तथा अभियानहरु संचालन गर्ने ।

ढ) बालबालिकाको सवालमा पैरवी गर्ने ।

ण) महानगर बालपरिषदले दिएका जिम्मेवारीहरु पुरा गर्ने ।

## १७. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

### १७.१ अध्यक्ष

क) बाल समूह/मञ्चको बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

ख) बाल समूह /मञ्चको हितको लागि गर्नु पर्ने कतर्व्यको प्रमुख दायित्व बहन गर्ने ।

ग) मत बराबर भएमा निर्णायक मत दिने ।

घ) बाल समूह /मञ्चको उद्देश्य पुरा गर्न अन्य आवश्यक कामहरु गर्ने ।

ङ) कार्य समिति, विद्यालय, अभिभावक, समुदाय, सामुदायिक संघसंस्थाहरु, वडा, महानगरपालिका र अन्य संघ संस्था विच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

### १७.२ उपाध्यक्ष

क) अध्यक्षको अनुपस्थितिमा निजले गरिआएका सम्पूर्ण कार्यहरु गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कामहरु गर्ने ।

ग) अध्यक्षको कार्यसम्पादनको निम्ति अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

**१७.३ सचिव**

क) कार्य समितिको बैठक बोलाउने र बैठकमा राखिने विषयहरुको बारेमा अग्रिम जानकारी सम्बद्ध सबैलाई दिने ।

ख) बाल समुह/मञ्चको तर्फबाट पत्राचार गर्ने ।

ग) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

घ) बाल समुहका सदस्यहरूको सूचना अद्यावधिकरण, समूहले गरेको मुख्य-मुख्य कामको प्रगति प्रतिवेदन तयार गरी अद्यावधिकरण गर्ने, बार्षिक भेलामा गत वर्षका प्रगति एवं आगामी वर्षको योजना तयार गरी छलफल तथा पारितका लागि पेश गर्ने ।

ङ) बैठकको उपस्थिति उठाउने तथा निर्णयहरूको अभिलेख राख्ने ।

**१७.४ सह-सचिव**

क) सचिवको अनुपस्थितिमा निजले गरी आएका सम्पूर्ण कार्यहरु गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

ग) सचिवको काममा सहयोग गर्ने ।

**१७.५ कोषाध्यक्ष**

क) बाल समुह/मञ्चको आम्दानी खर्च तथा हर हिसाव रितपूर्वक राख्ने ।

ख) बाल समुह/मञ्चको सम्पूर्ण नगदी जिन्सीहरुको जिम्मेवारी लिई त्यस सम्बन्धी श्रेस्ता अद्यावधिक राख्ने ।

ग) बाल समुह/मञ्चको आय व्ययको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

**१७.६ सदस्य**

क) बाल समुह/मञ्चको बैठकमा नियमित उपस्थित हुने ।

ख) बाल समुह/मञ्चको हितका लागि सधैं प्रयत्नशील रहने ।

ग) बाल समुह/मञ्चको बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद : ७

## बालसमूह/मञ्चको कोष र आर्थिक व्यवस्थापन

### १८. आर्थिक कोष व्यवस्थापन तथा सहायता

१८.१ बालसमूह, मञ्चको एक कोष हुनेछ र कोषमा देहायबमोजिमको रकम रहनेछ

क) साधारण सदस्य प्रवेश शुल्क एंव मासिक/वार्षिक सदस्यता शुल्क बापत प्राप्त रकम ।

ख) स्थानीय निकाय, विद्यालय, समुदाय तथा अन्य संघ संस्थाबाट प्राप्त आर्थिक सहायता ।

ग) चन्दा, सहयोग तथा बाल समुहबाट कोष संकलनका लागि विभिन्न अभियानबाट

१८.२ बाल समूहले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्नेछ । बाल समूह/मञ्चलाई सामान्यतया पाँच हजार रुपैयाँभन्दा बढीको सहयोग दिनुपरेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्न सकिनेछ ।

१८.३ बाल समूह/मञ्चको आर्थिक कारोवार प्रचलित सामान्य लेखाको सिद्धान्त

अनुसार हुनेछ। साथै बाल समूहलाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न सकिने छैन।

१८.४ बाल समूह/मञ्चले आफ्नो गतिविधि सञ्चालन गर्न आफ्नो विद्यालय वा समुदायमा आर्थिक स्रोत संकलन लागि बालमैत्री कार्यक्रमहरू आयोजना गर्न सक्नेछन। यस्ता कृयाकलापमा देउसी- भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता जस्ता कार्यक्रमहरु हुन सक्नेछन। यस्ता कार्यक्रम आयोजन हुँदा आवद्ध निकायको स्वीकृति, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ।

१८.५ बाल समूह/मञ्चले संकलन गरेका रकम उनीहरूले आयोजना गर्ने बालमैत्री गतिविधिका लागि मात्र खर्च गर्न सकिनेछ। यस्तो रकम छात्रवृत्ति, भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत सम्भारका लागि वा कुनै पीडितलाई सहायता, आपतकालीन सहायता बापत सहयोग उपलब्ध गराउन गरी खर्च गर्न पाइने छैन।

१८.६ बाल समूह/मञ्चको वार्षिक आयव्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नु पर्नेछ। बाल समूहको बृहत गतिविधि सञ्चालन गर्न परेमा संरक्षक वा सल्लाहकारले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ। यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाब किताब बाल समूहबाट अनुमोदन गराउने तथा दुई हप्ता भित्र आर्थिक कारोवारको फरफारक गर्नु पर्नेछ।

१८.७ बालसमूह तथा मञ्चले कोष संचालन देहाय बमोजिम गर्न सक्नेछ।

क) पायक पर्ने कुनै बैंक वा वित्तीय संस्थामा बाल समुह/मञ्चको खाता खोल्नुपर्नेछ।

ख) बैंक खाता अध्यक्ष वा सचिव एक जना, कोषाध्यक्ष एक जना र संरक्षक वा कार्यसमितिको बैठकले तोकेको एक जना वयस्क गरी तीन जनाको संयुक्त हस्ताक्षरबाट गर्नुपर्नेछ।

ग) बैक खाताको व्यवस्था नहुन्जेलसम्म सम्बन्धित संरक्षकको सल्लाह बमोजिम गर्नु पर्नेछ।

१८.८ बैक खाता संचालन गरी कार्यरत बाल समुह/मञ्चहरुले समुहको आय व्ययको हरेक वर्ष लेखा परीक्षण गराउनु पर्नेछ। समूह/समुह नविकरणको

लागि लेखापरिक्षण प्रतिवेदन आवश्यक पर्नेछ । यस्तो लेखापरीक्षण रजिष्टर्ड लेखापरीक्षक वा माध्यमिक विद्यालयको लेखा विषयको शिक्षकबाट वा बाल क्लब/मञ्चले तीन सदस्यीय लेखा परिक्षण समिति गठन गरि सोहि समिति मार्फत लेखा परिक्षण गराउन सक्नेछ । तीन सदस्यीय समितिमा बाल समुह/मञ्चबाट एक जना सदस्य र दुईजना अन्य व्यक्तिहरुलाई जस्तै समाजसेवी, अभिभावक, बिद्यालयको शिक्षक बालक्लब/मञ्चको संरक्षकमध्ये बाट चयन गर्नेछ । उल्लेखित तीनवटा तरिकाहरु मध्ये बाल क्लब/मञ्चलाई जुन तरिका सहज हुन्छ, सोहि अपनाउन सक्नेछन् ।

## परिच्छेद : ८
## आवद्धता, सुचीकरण र नविकरण सम्बन्धि व्यवस्था

### १९. आवद्धता, सुचीकरण र नविकरण

१९.१ बालसमूह तथा महानगर बालमञ्च गठन भएको मितिले एक महिना भित्र पोखरा महानगर कार्यपालिकाको कार्यालयमा सुचीकृत हुनुपर्नेछ। बालसमूह र वडा बालमञ्चले सम्बन्धित वडा कार्यालयमा र महानगर बालमञ्च महानगर कार्यपालिकाको कार्यलय सामाजिक विकास महाशाखा मार्फत अनुसुची १ अनुसारको फारम भरी सुचीकरणका लागि आवेदन गर्नुपर्नेछ । आवेदन गर्दा कार्यसमिति सदस्यहरुको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि पनि अनिवार्य पेश गर्नुपर्नेछ ।

१९.२ सम्बन्धित वडा कार्यालयले सुचीकृत हुन आएका बाल समुह र वडा बालमञ्चलाई अनुसुची २ बमोजिमको किताव खडा गरी सुचीकृत गरिदिनुपर्नेछ र यसरी सुचीकृत भएका बाल समुह/मञ्चको विवरण नियमित रुपमा पोखरा महानगर कार्यपालिकाको कार्यलय (सामाजिक विकास महाशाखा)मा पठाउनुपर्नेछ ।

१९.३ सुचीकृत भएका बाल समुह र वडा बालमञ्चलाई वडा कार्यालयले र

महानगर बालमञ्चलाई पोखरा महानगर कार्यपालिकाको कार्यलयले अनुसूची ३ बमोजिमको आबद्धताको प्रमाणपत्र दिनसकिनेछ ।

१९.४ बालक्लब प्रत्येक वर्ष र वडा बालमञ्च प्रत्येक दुई वर्षमा सम्बन्धित वडा कार्यालय र महानगर बालमञ्च प्रत्येक दुई वर्षमा महानगर कार्यपालिकाको कार्यालय सामाजिक विकास शाखा मार्फत नविकरण हुनुपर्नेछ । यसको लागि सम्बन्धित बाल समुह र वडा बालमञ्चले सम्भव भएसम्म हरेक आर्थिक वर्षको पहिलो महिनाभित्र अनुसुची ४ अनुसारको फारम भरी वडा कार्यालयमा र महानगर बालमञ्चले महानगर कार्यपालिकाको कार्यालयमा नविकरणका लागि आवेदन गर्नुपर्नेछ ।

१९.५ विद्यालयमा गठन भएका बालसमूहले वडामा सुचीकृत तथा नविकरणको लागि आवेदन गर्दा सम्बन्धित विद्यालयको सिफारिस पत्र पनि सँगै संलग्न गर्नुपर्नेछ ।

## परिच्छेद : ९
## संरक्षक र सल्लाहकार सम्बन्धि व्यवस्था

### २०. संरक्षक

२०.१ बाल समूह/मञ्चको सम्पूर्ण अभिभावकत्व संरक्षकमा रहनेछ ।

२०.२ पोखरा महानगर बालमञ्चको संरक्षक महानगरपालिकाका प्रमुख वा प्रमुखले तोकेको पदाधिकारी /शाखा रहन सक्नेछ ।

२०.३ वडा बालमञ्चको संरक्षकमा वडा अध्यक्ष वा नीजले तोकेको वडा सदस्यहरु मध्ये १ जना रहनेछन् ।

२०.४ बिद्यालय स्तरीय बालसमूहको संरक्षकमा बिद्यालयको प्रधानाध्यापक रहनेछन् । संरक्षकले विद्यालयका शिक्षकहरु मध्येबाट १ जनालाई बाल समूहको शिक्षक संयोजक जिम्मेवारी दिनुपर्नेछ ।

२०.५ समुदायस्तरीय बालसमूहको संरक्षकमा टोल विकास संस्था, आमा समूह, युवा क्लबको अध्यक्ष वा प्रतिनिधि मध्येबाट रहनेछन् ।

२०.६ विषयगत बालसमूहको संरक्षकमा सम्बन्धित बालसमूहले छानेको स्थानीय समाजसेवी, शिक्षक वा बाल अधिकारकर्मीलाई सम्झनुपर्छ ।

२०.७ संस्थागत बालसमूहको संरक्षकमा टोलविकास संस्थाको अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य संरक्षक रहनसक्नेछन् ।

**२१. सल्लाहकार समिति**

प्रत्येक बाल समुह/मञ्चको निम्ति सल्लाह, सुझाव दिनको लागि बढीमा ५ सदस्यीय सल्लाहकार समिति गठन गर्न सकिने छ। सो समितिमा बालअधिकार अभियान्ता, बाल समूह/मञ्चका पूर्व अध्यक्ष, बालबालिका क्षेत्रको विज्ञ, सामाजिक अभियान्ता र सम्वन्धित बाल समुहको सहजकर्ता मध्येवाट बालसमूह/मञ्चको बैठकले बढीमा ४ जना सम्म मनोनयन गर्नसक्नेछ र १ जना सम्बन्धित बाल समूह/मञ्चको निवर्तमान अध्यक्ष स्वत सल्लाहकार समितिमा रहन सक्नेछन् ।

## परिच्छेद १० :
## बाल समूह र अन्य निकायहरूको सम्बन्ध र सहकार्य

**२२. वडा तथा महानगरपालिकासँगको सम्बन्ध र सहकार्य**

२२.१ वडास्तरका बाल समूह/मञ्चहरू आफ्नो वडा कार्यालयमा र महानगरस्तरको वालमंच र वालसमुह महानगर कार्यपालिकाको कार्यालयमा तोकिएको विधि र प्रकृयामा सूचीकृत तथा नवीकरण हुनपर्नेछ ।

२२.२ वडाले आफ्नो क्षेत्रभित्रको बाल समूह/मञ्चको विवरण अद्यावधिक गर्ने र सो को जानाकारी महानगरपालिकामा दिनुपर्नेछ ।

२२.३ महानगरपालिकाले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बाल समूह/मञ्चका गतिविधि, बाल समूह/मञ्च र सहजकर्ताको प्रशिक्षण तथा बाल समूह/मञ्च प्रतिनिधिको परामर्श जस्ता कार्यक्रमहरू राख्न सक्नेछ ।

२२.४ बाल समूह/मञ्चले वडा तथा महानगरपालिकासँग स्थानीय विकासका कृयाकलापहरुमा बालबालिका सम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धीहरूको बारेमा सूचना माग गर्न, वालवालिकाको हीतलाई ध्यानमा राख्दै त्यस्ता सूचनाहरु प्रचार प्रसार गर्न सक्नेछन् ।

२२.५ बाल समूह/मञ्चले वडा तथा महानगरपालिकासँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको माग गर्न सक्नेछन् ।

२२.६ बाल समूह/मञ्चले हरेक वर्ष आफूले सम्पादन गरेका कार्यक्रमहरूको सूची र विवरण सहितको प्रतिवेदन तोकिएको ढाँचामा वडा तथा महानगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

## २३. बालबालिका सम्बन्धी स्थानीय समितिहरूसँगको सम्बन्ध र सहकार्य

२३.१ वडा तथा महानगरपालिका तहमा रहने बाल संरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, नगर शिक्षा समिति र स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, नगर स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समिति जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समिति हुन सक्नेछन । यी समितिहरूमा बालमञ्चका प्रतिनिधिहरूलाई सदस्ये रुपमा सहभागी गराउन सकिनेछ ।

२३.२ यस्ता समितिहरूको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बाल समूहसँग साझेदारीमा गरिने गतिविधिहरू तय गरी समावशे गर्न सकिनेछ ।

२३.३ यस्ता समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बाल समूह/मञ्च

तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई स्थानीय तहको योजना प्रक्रियाको पैरवी राख्न
सक्नेछन् ।

२३.४ बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नुपर्ने समस्याहरूमा सम्बोधन गर्न
सम्बन्धित निकायहरू बीच समन्वय गर्ने तथा बाल समूह/मञ्चका गतिविधिहरूलाई प्रोत्साहन गर्न उत्कृष्ट बाल समूह/मञ्च पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सकिनेछ ।

**२४. बाल विकास संरक्षणमा विद्यालय व्यवस्थापन समितिको भूमिका**

२४.१ विद्यालयमा रहेका बाल समूहहरू विद्यालय प्रशासन/ व्यवस्थापन समितिसंग आवद्ध गर्न सकिनेछ ।

२४.२ विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनाको निर्माण बालबालिकाहरुको सहभागितामा बाल समूहका गतिविधिलाई सहयोग पुऱ्याउने कार्यक्रमहरू राख्न सकिनेछ ।

२४.३ विद्यालय व्यवस्थापन समितिमा बाल समूहका प्रतिनिधि एक बालक र एक बालिकालाई स्थायी आमन्त्रित वा मनोनित सदस्यको रुपमा सहभागी गराउनुपर्नेछ । यस्ता बैठकहरूमा बालबालिकाका सरोकारका विषयहरु प्रस्तुत गर्न लगाउन सकिनेछ ।

२४.४ विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सृजना हुनसक्ने विषयहरू जस्तै : शिक्षक नियुक्ति र कार्वाही, निर्माणको ठेक्का पट्टा तथा अनियमितता जस्ता विषयको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइने छैन ।

२४.५ विद्यालयमा रहने शिक्षकको व्यावहारिक सीप तथा शैली विकास (वाल मैत्री शिक्षण विधि), वाल मैत्री भौतिक संरचनाको निर्माण स्वरुप र गुणस्तरका विषयहरूमा भने बाल समूहका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन लिन सकिने छ ।

**२५. अन्य संघसंस्था तथा सेवा प्रदायक निकायहरूको भूमिका**

२५.१ महानगरपालिकामा क्रियाशिल विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल समूह/मञ्चका प्रतिनीधिहरू सँग परामर्श गर्न सक्नेछन् ।

२५.२ यस्ता संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचार प्रसार गर्न, सेवाको विषयमा सरोकारवाला बीच संचार एवं कार्यक्रमहरुको बारेमा प्रभावकारिताको अनुगमन गर्न बाल समूहसँग सहकार्य गर्न सक्नेछन् ।

२५.३ सेवा प्रदायक निकायहरूले बाल समूह/मञ्चका सदस्य तथा बाल समूह/मञ्चसँग सहकार्य र परामर्श कार्यहरू गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सकिने छैन ।

२५.४ सेवा प्रदायका निकायहरूले बाल समूह/मञ्चका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न सकिने छैन ।

२५.५ सेवा प्रदायक निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सक्ने छैनन् । तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श गर्न वाधा पर्ने छैन ।

२५.६ सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्ने गर्न सक्ने छैनन । तर यतायात खर्च र सहायक सामाग्री दिन फरक पर्नेछैन ।

**२६. स्थानीय तहको योजना तर्जुमामा बाल समूह/मञ्च प्रतिनिधित्वको व्यवस्था**

२६.१ स्थानीयतहबाट हुने योजना निर्माण चक्रमा बाल समूह/मञ्चको

प्रतिनिधित्व र सहभागिता अनिवार्य गर्न सकिने छ ।

२६.२ बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बालमञ्चका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गरिनेछ ।

२६.३ महानगर स्तरमा तोकिएको प्रक्रियामा बालपरिषदको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिन सकिने छ ।

२६.४ योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूह/मञ्चलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सार्वजनिक सूचना जारी गर्न सकिने छ। यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ ।

## परिच्छेद ११ :
## विविध

### २७. बाल समूह/मञ्च भित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण

बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६६ को उपदफा २ को (छ) अनुसार बालबालिकालाई राजनीतिक प्रयोजनका लागि संगठित गर्ने कार्यलाई बालबालिका विरुद्ध हिंसा मानिएको हुँदा बाल समूह/मञ्च भित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण लागि देहाय उपाय अवलम्बन गर्न सकिनेछ

२७.१ बाल समूह/मञ्चका सदस्यहरु कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठनको सदस्यमा नरहेको र सल्लाहकार कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति चयन गरेर ।

२७.२ बाल समूह/मञ्च तथा यसका सदस्यहरुले विभिन्न राजनीतिक दलहरूसँग बालअधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा

छलफल कार्यक्रम आयोजना गरेर ।

२७.३ बाल समूह/मञ्चले कुनै एक राजनीतिक दल वा समूहसँग मात्र संयुक्त कार्यक्रमहरू आयोजना नगरेर ।

२७.४ बाल समूह/मञ्चले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ति नबनाएर ।

२७.५ बाल समूह/मञ्चले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा हुनेगरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर ।

२७.६ बाल समूह/मञ्चले राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिने वा उसको सदस्य बन्न प्रेरित गर्ने कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर ।

## २८. बाल समूह/मञ्च भित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन

बाल समूह/मञ्च भित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्न देहाय अनुसार गर्न सकिनेछ ।

२८.१ बाल समूह/मञ्चले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नसक्नेछ ।

२८.२ बाल समूह/मञ्च तथा यसका सदस्यहरूले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरूका विषयमा बोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गर्नसक्नेछ ।

२८.३ बाल समूह/मञ्चका सदस्यहरूलाई सबै धर्म, जातजाति र समुदायबीच सम्मान गर्न, उनीहरूको असल संस्कृति र अभ्यासहरूका बारेमा बुझ्न, विभिन्न समयमा विविध साँस्कृतिक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ ।

२८.४ बाल समूह/मञ्चको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गर्न सकिनेछ ।

२८.५ बाल समूह/मञ्चको बैठकमा संस्कृति छलफलको प्रस्ताव नै बनाएर

नियमित रुपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृतिका बारेमा र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन सकिनेछ ।

## २९. बाल समूह/मञ्चका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन

बाल समूह/मञ्चका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन सम्वन्धमा देहायअनुसार गर्नुपर्नेछ ।

२९.१ कुनै पनि बाल समूह गठन गर्नु अगाडि उक्त समुदाय तथा विद्यालयमा बाल समूहको आवश्यकता, अवसर र सम्भावनाहरू बारे अविभावक अनुशिक्षण आयोजना गर्न सकिनेछ ।

२९.२ बाल समूह/मञ्चले आयोजना गर्ने सबै गतिविधिहरूले बालबालिका तथा समुदायको हित प्रवर्धन नगर्न सक्छन, त्यस्ता बाल समूह/मञ्चको गतिविधिहरूको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गर्न सकिनेछ ।

२९.३ बाल समूह/मञ्चका गतिविधिहरूका बारेमा प्रतिक्रिया दिन वा गुनासो व्यक्त गर्न विद्यालय, महानगर कार्यपालिका वा तिनका वडा कार्यालय, नागरिक सूचना केन्द्रहरूमा सुझाव पेटिकाको स्थापना र सञ्चालन गर्न सकिनेछ ।

२९.४ सुझाव पेटिका मासिक रुपमा खोल्ने र प्राप्त सुझावहरूलाई लिखित रुपमा उल्लेख गरी रजिष्टरमा अभिलेखीकरण गर्न सकिनेछ ।

२९.५ प्राप्त सुझावहरूलाई संरक्षक, सहजकर्ता र बाल समूह/मञ्चका प्रतिनिधिहरू बसी छलफल तथा प्रथामिकरण गरी सुझावका आधारमा बाल समूह/मञ्चका गतिविधिहरूमा सुधार गर्नसकिनेछ । तर सुझाव वा गुनासाको आधारमा मात्रै बाल समूह विघटन गर्ने वा बाल समूह/मञ्चका गतिविधिहरूलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न सकिने छैन ।

२९.५ विद्यालयमा आधारित बाल समूहका गतिविधिहरूका बारेमा समुदाय तथा अविभावकहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्नेछन् ।

## ३०. प्रतिवेदन तथा योजना पठाउनुपर्ने

३०.१ प्रत्येक विद्यालय गठित बाल समुहले वर्षभर गरेका गतिविधीहरूको संक्षिप्त प्रतिवेदन तथा योजना तयार गरी वडा तथा वडा बालमञ्च र विद्यालयमा पेश गर्नसक्नेछ ।
३०.२ प्रत्येक समुदायस्तरमा गठित बाल समुहले सल्लाहकार वा संरक्षकको सहयोगमा बार्षिक कार्यप्रगती प्रतिवेदन तथा योजना तयार गरी सम्बन्धित वडामा र वडा बालमञ्चमा पेश गर्नसक्नेछ ।
३०.३ प्रत्येक वडा बालमञ्चले बार्षिक प्रतिवेदन तथा आगामी वर्षको योजना तयार गरी सम्बन्धित वडा कार्यालय र महानगर बालमञ्चमा पेश गर्नसक्नेछ ।
३०.४ प्रत्येक वडाले विद्यालय, समुदाय तथा कार्यक्षेत्रहरूमा गठित बाल समुह र वडा बाल मञ्चबाट प्राप्त बार्षिक प्रतिवेदन तथा आगामी वर्षको योजनाको आधारमा वडा स्तरीय बाल क्लब गतिविधी प्रतिवेदन तथा आगामी वर्षको योजना तयार गरी महानगरपालिकामा पेश गर्नसक्नेछ ।
३०.५ महानगर बालमञ्चले वडा बालमञ्चबाट प्राप्त बार्षिक प्रतिवेदन तथा आगामी वर्षको योजनाको आधारमा महानगरस्तरीय बाल क्लब गतिविधी प्रतिवेदन तथा आगामी वर्षको योजना तयार गरी पोखरा महानगरपालिकामा पेश गर्नसक्नेछ ।

## ३१. बाल समुह/मञ्चको छाप, लोगो तथा लेटरहेड

३१.१ प्रत्येक बाल समुह/मञ्चहरूले आफ्नो समूहको नाम, ठेगाना, स्थापना मिति र कुनै एक प्रतिक चिन्ह उल्लेख गरी समुह/मञ्चको लोगो तयार गरी प्रयोगमा ल्याउन सक्नेछ । नमुनाको लागि तल प्रस्तुत गरिएको छ ।

## ३२. बाल समुह/मञ्चको सम्मिलन तथा विघटन

३२.१ बालसमूह/मञ्चको सम्मिलन सम्बन्धि व्यवस्था

क) विषयगत र संस्थागत बालसमूह बाहेक दुई वा दुईभन्दा बढी एकै समुदाय, टोल वा विद्यालयमा भएका बालसमूह यो निर्देशिका जारी भएपश्चात अनिवार्य सम्मिलन भई एक बालसमूहको रुपमा रहनुपर्नेछ ।

ख) एकै भौगोलिक क्षेत्रका बालक्लबहरु सम्मिलन हुनसक्नेछन् तर फरक भौगोलिक क्षेत्र वा फरक विद्यालयका बाल समूहहरू सम्मिलन हुन सक्ने छैनन् ।

ग) सम्मिलन पश्चात् नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित वडा तथा महानगरपालिकामा सम्मिलनको जानकारी गराउनु पर्नेछ । यसरी सम्मिलनपछि सम्मिलन भएका बाल समूहको सूचीकरण खारेज हुनेछ र नयाँ बाल समूह सूचीकृत हुनेछ ।

घ) महानगरको वडा गाभिएको अवस्थामा साविकका वडा बालमञ्चहरु पनि सम्मिलन हुनुपर्नेछ ।

३२.२ बाल समूहको विघटन

क) बाल समूह देहायको अवस्थामा विघटन भएको मानिनेछ ।

(अ) बाल समूह/मञ्च लगातार २ वर्षसम्म वडा अथवा महानगरपालिकामा अद्यावधिक नभएमा यस्ता बाल समूह विघटन गर्न सकिनेछ । तर अद्यावधिक नभएका बाल समूह/मञ्चलाई विघटन गर्नुअघि ३ महिनाको समय राखि अद्यावधिक गर्नका लागि सूचित गरिनेछ ।

(आ) बाल समूह/मञ्चका दुई तिहाई सदस्यहरूले बाल समूह/मञ्च बिघटन गर्ने निर्णय गरेमा ।

ख) बिघटन भएका बाल समूह/मञ्च वडा अथवा महानगरपालिकाको सूचीकरणबाट स्वतः खारेज हुनेछन ।

ग) बिघटन भएका बाल समूह/मञ्चका सम्पत्ति तथा दस्ताबेजहरू सम्बन्धित

विद्यालय वा वडा अथवा महानगरपालिकाले जिम्मा लिनेछ र अर्को बाल समूह गठन प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ ।

**३३. मान्यता प्राप्त वा सम्बन्धन प्राप्ती**

यस अघि गठन भई क्रियाशिल बालक्लब तथा बालमञ्च यसै निर्देशिका बमोजिम आवद्ध/सूचीकरण भएको मानिने छ । ती बालक्लब तथा मञ्चहरुको विवरण सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ र सुचीकृत हुनुपर्नेछ ।

अनुसुची १, उपदफा १९.१ सँग सम्बन्धित

## बाल समूह/मञ्च सुचीकृत आवेदन फाराम

श्री .........................ज्यू ,

.................................

पो.म.न.पा. वडा नं. ... / पोखरा महानगर कार्यपालिकाको कार्यालय ।

**विषयः बालसमूह/मञ्च सुचीकृत सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषय सम्बन्धमा तल उल्लेखित सूचना विवरण अनुसारको यस बालसमूह/मञ्च लाई बाल समूह तथा बालमञ्च परिचालन निर्देशिका, २०७६ को दफा १९.१ बमोजिम सुचीकृत गरिदिनुहुन हार्दिक अनुरोध छ ।

**बाल समूह/मञ्चको विवरण**

१. बाल समूह/मञ्चको नाम : .....................................................

२. बाल समूह/मञ्चको ठेगाना

**वडा नं.** :........ **टोल** : ..................................

३. बाल समूह/मञ्चको स्थापना भएको मिति :.................................

४. बाल समूह/मञ्चको प्रकार

समुदायमा आधारितः ☐ विद्यालयमा आधारितः ☐

अन्य (खुलाउने): ☐ ................. ☐

५. संरक्षकको विवरण

**नामः**................................ **संस्थाः**..........................................

**पदः** ................................ **सम्पर्क नं.**: .................................

**ठेगानाः** ....................................................................

**६. बालसमूह/मञ्चको सञ्चालनमा सहजिकरण गर्ने संस्था वा सहजकर्ता**

क. नाम : ................................ ठेगाना : ..................................

सम्पर्क नं.: ..................

ख. नाम : .................................. ठेगाना : ................................

सम्पर्क नं.: ..................

७. बाल समूह/मञ्चका मुख्य कामहरू

७.१. ................................................ ......................................

७.२. ...............................................................................

७.३. ...............................................................................

८ बाल समूह/मञ्चका सदस्य संख्या :

| लिङ्ग | ब्राह्मण/क्षेत्री | आदिबासी/जनजाति | दलित | मधेसी | मुस्लिम | अन्य | जम्मा | अपाङ्गता भएका |
|---|---|---|---|---|---|---|---|---|
| बालक | | | | | | | | |
| बालिका | | | | | | | | |
| जम्मा | | | | | | | | |

९. बाल क्लव/समूह/मञ्चका सदस्यहरुको उमेरगत विवरणः

| उमेर समुह | १०-१२ वर्ष | १३-१५ वर्ष | १६-१८ वर्ष | जम्मा |
|---|---|---|---|---|
| **बालिका** | | | | |
| **बालक** | | | | |
| **जम्मा** | | | | |

**१०. बालक्बल/समूह/मञ्चको कार्यसमितिका सदस्यहरूको विवरण :**

| क्र. सं. | कार्यसमितिका सदस्यहरूको नाम थर | पद | उमेर | बालक/बालिका | अध्ययनरत कक्षा | बलसमुह/मञ्च मा आवद्ध मिति | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | उपाध्यक्ष | | | | | |
| ३ | | सचिव | | | | | |
| ४ | | सह-सचिव | | | | | |
| ५ | | कोषाध्यक्ष | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |
| ८ | | सदस्य | | | | | |
| ९ | | सदस्य | | | | | |
| १० | | सदस्य | | | | | |
| ११ | | सदस्य | | | | | |
| १२ | | सदस्य | | | | | |
| १३ | | सदस्य | | | | | |
| १४ | | सदस्य | | | | | |
| १५ | | सदस्य | | | | | |

(सदस्यहरूको विवरणका लागि आवश्यक भएमा अलग्गै पाना संलग्न गर्न सकिनेछ ।)

११. सम्पर्क गर्ने ठेगाना

**सम्पर्क व्यक्ति वा संस्थाको नाम :** ..........................................................................

**ठेगाना :** ..........................................................................................................

**सम्पर्क नं.:**.........................................................................................................

१२. विवरण भरेको मिति : ......................................................................

**सम्बन्धित वडा कार्यालय वा पो.म.न.पा. कार्यपालिकाको कार्यलयले भर्ने**

विवरण प्राप्त गर्ने कर्मचारीको नामथर : ...........................................................

हस्ताक्षर : ..........................................

विवरण प्राप्त गरेको मितिः ......................................................

सुचीकृत भएको मिति ..................................................

सुचीकरण नं.: ..........................................

**अनुसुची २, उपदफा १९.२ सँग सम्बन्धित**

**बाल समूह/मञ्च सुचीकरण किताव**

१. बाल समूह/मञ्चको नामः ...........................................................

२. ठेगानाः ...................................................... वडा नं. .................

३. प्रकारः..................................................

४. सुचीकरण नं. :..............................

५. बालसमूह/मञ्चको विवरणः

| सुचिकरण/नविकरण मिति | अध्यक्षको नाम | सम्पर्क नं. | संरक्षकको नाम | सदस्य संख्या | | | सुचिकरण/नविकरण गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसुची ३, दफा १९.३ सँग सम्बन्धित**

(अगाडीको पृष्ठ)

# पोखरा महानगर कार्यपालिकाको कार्यालय

पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

## बालसमूह/मञ्च आबद्धता प्रमाणपत्र

बाल अधिकारको प्रवर्द्धन र बालमैत्री महानगरको प्रतिवद्धताको सम्मान गर्दै पोखरा महानगर पालिका, वडा नं..........., ........................................................................ को ................................ ................................................... लाई नेपालको संविधान २०७२, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ र बालबालिकासम्बन्धी ऐन, २०७५ को भावना एवं बालसमूह तथा बालमञ्च परिचालन निर्देशिका, २०७६ को दफा १९ बमोजिम सुचीकृत गरी यो आबद्धताको प्रमाणपत्र प्रदान गरिएको छ ।

सुचीकरण नं.:............

सुचीकृत मितिः ....................

.........................

वडा अध्यक्ष/प्रमुख

पो.म.न.पा. वडा नं. .../ पोखरा महानगर कार्यपालिका

(पछाडीको पृष्ठ)

| नविकरण गरेको मिति | नविकरण रहने अन्तिम मिति | नविकरण गर्नेको हस्ताक्षर | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसुची ४, उपदफा १९.४ सँग सम्बन्धित
## बाल समूह/मञ्च नविकरण आवेदन फाराम

श्री वडा अध्यक्ष / प्रमुख ज्यू ,
पो.म.न.पा. वडा नं. ... / पोखरा महानगर कार्यपालिकाको कार्यालय ।

**विषयः बाल समूह/मञ्च नविकरण सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषय सम्बन्धमा तल उल्लेखित सूचना विवरण अनुसारको यस बाल समूह/मञ्च लाई बाल समूह तथा बालमञ्च परिचालन निर्देशिका, २०७६ को दफा १९.१ बमोजिम नविकरण गरिदिनुहुन हार्दिक अनुरोध छ ।

**बाल क्लव/समूह/मञ्चको विवरण**

१. बाल समूह/मञ्चको नाम : ..........................................................................

२. बाल समूह/मञ्चको ठेगाना

**वडा नं.** :............. **टोल** : ................................................

३. सुचीकरण नं. :.......................................

४. संरक्षकको विवरण

**नामः**........................................... **संस्थाः**..................................................

**पदः** ........................................... **सम्पर्क नं.**: .........................................

**ठेगानाः** ..................................................................

५. बाल समूह/मञ्चले गत आ.व.मा सम्पन्न गरेका मुख्य गतिविधिहरू

५.१. ............................................ ...........................................

५.२. ..................................................................................

५.३. ..................................................................................

५.४ ..................................................................................

५.५ ..................................................................................

६. बाल समूह/मञ्चले भोगेका मुख्य समस्याहरू

६.१. ............................................ ...........................................

६.२. ..................................................................................

६.३. ...........................................................................................

७. बाल समूह/मञ्चको कार्यसमिति पुर्नगठन भएको मिति : ................................

८ बाल समूह/मञ्चको हाल कायम रहेको सदस्य संख्या :

| लिङ्ग | ब्राह्मण/क्षेत्री | आदिबासी/जनजाति | दलित | मधेसी | मुस्लिम | अन्य | जम्मा | अपाङ्गता भएका |
|---|---|---|---|---|---|---|---|---|
| बालक | | | | | | | | |
| बालिका | | | | | | | | |
| जम्मा | | | | | | | | |

९. बाल समूह/मञ्चका हाल कायम रहेका सदस्यहरुको उमेरगत विवरणः

| उमेर समुह | १०-१२ वर्ष | १३-१५ वर्ष | १६-१८ वर्ष | जम्मा |
|---|---|---|---|---|
| बालिका | | | | |
| बालक | | | | |
| जम्मा | | | | |

१०. बाल समूह/मञ्चको हालको कार्यसमितिका सदस्यहरूको विवरण :

| क्र. सं. | कार्यसमितिका सदस्यहरूको नाम थर | पद | उमेर | बालक/बालिका | अध्ययनरत कक्षा | बलसमुह/मञ्च मा आवद्ध मिति | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | उपाध्यक्ष | | | | | |
| ३ | | सचिव | | | | | |
| ४ | | सह-सचिव | | | | | |
| ५ | | कोषाध्यक्ष | | | | | |
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |
| ८ | | सदस्य | | | | | |
| ९ | | सदस्य | | | | | |
| १० | | सदस्य | | | | | |
| ११ | | सदस्य | | | | | |
| १२ | | सदस्य | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | | सदस्य | | | | | |
| १४ | | सदस्य | | | | | |
| १५ | | सदस्य | | | | | |

(सदस्यहरूको विवरणका लागि आवश्यक भएमा अलग्गै पाना संलग्न गर्न सकिनेछ ।)

११. सम्पर्क गर्ने ठेगाना

**सम्पर्क व्यक्ति वा संस्थाको नाम :** ..........................................................

**ठेगाना :** ..........................................................................................

**सम्पर्क नं.:**......................................................

१२. विवरण भरेको मिति : ........................................

**सम्बन्धित वडा कार्यालय वा पो.म.न.पा. कार्यपालिकाको कार्यलयले भर्ने**

विवरण प्राप्त गर्ने कर्मचारीको नामथर : ..........................................................

हस्ताक्षर : ....................................

विवरण प्राप्त गरेको मितिः ..................................................................

सुचीकृत भएको मिति ..............................................

सुचीकरण नं.: ...................................................

**अनुसुची ५, उपदफा १४.१ सँग सम्बन्धित**

वडा बालमञ्चको कायसमिति सदस्यको लागि उम्मेदवारी दिँदा देहाय बमोजिम गनुपर्नेछ ।

| | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| दलित | १ जना | १ जना | २ जना |
| आदिवासी/जनजाती | १ जना | १ जना | २ जना |
| अन्य(बाहृमण, क्षेत्री र दशनामी) | १ जना | १ जना | २ जना |
| विद्यालय स्तरीय बाल समुहबाट | १ जना | १ जना | २ जना |
| समुदाय स्तरीय बाल समुहबाट | १ जना | १ जना | २ जना |
| खुल्ला | २ जना | २ जना | ४ जना |
| अपाङ्गता वा विशेष संरक्षणको आवश्यता भएका बालबालिका मध्येबाट | | | |

१५ जना

(क) सम्बन्धित क्लस्टरमा उम्मेदवारी नपरेमा सो स्थान खाली रहनेछ र पछि निर्वाचित कार्यसमितिको बैठकले सम्बन्धित क्लस्टरबाटै मनोनित गर्न सक्नेछन् ।

(ख) एकै भौगोलिक क्षेत्र (टोल) बाट १ जना भन्दा बढीले उम्मेदवारी दिन पाईनेछैन ।

(ग) कार्यसमिति सदस्यमा उम्मेदवारीको लागि जन्मदर्ता प्रमाणपत्रको फोटोकपि सँगै पेश गर्नुपर्नेछ भने १६ वर्ष उमेर पुरा नगरेकाले मात्र उम्मेदवारी दिन पाउनेछन् ।

महानगर बालमञ्चको कार्यसमिति सदस्यको लागि उम्मेदवारी दिँदा देहाय बमोजिम गर्नुपर्नेछ ।

| | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| दलित | १ जना | १ जना | २ जना |
| आदिवासी/जनजाती | १ जना | १ जना | २ जना |
| अन्य(बाहृमण, क्षेत्री र दशनामी) | १ जना | १ जना | २ जना |
| विद्यालय स्तरीय बाल समुहबाट | १ जना | १ जना | २ जना |
| समुदाय स्तरीय बाल समुहबाट | १ जना | १ जना | २ जना |
| खुल्ला | २ जना | २ जना | ४ जना |
| अपाङ्गता वा विशेष संरक्षणको आवश्यता भएका बालबालिका मध्येबाट | | | |

(क) सम्बन्धित क्लस्टरमा उम्मेदवारी नपरेमा सो स्थान खाली रहनेछ र पछि निर्वाचित कार्यसमितिको बैठकले सम्बन्धित क्लस्टरबाटै मनोनित गर्न सक्नेछन् ।

(ख) अपाङ्गता वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका क्लस्टरमा बाहेक अन्य क्लस्टरमा एक वडाबाट १ जना भन्दा बढीले उम्मेदवारी दिन पाईनेछैन । भौगोलिक हिसाबले ठुला तथा साविकका गाविस रहेका वडाहरुबाट १/१ जनाको प्रतिनिधित्व हुनेगरी प्राथमिकता दिनुपर्नेछ ।
कार्यसमिति सदस्यमा उम्मेदवारीको लागि जन्मदर्ता प्रमाणपत्रको फोटोकपि सँगै पेश गर्नुपर्नेछ भने १६ वर्ष उमेर पुरा नगरेकाले मात्र उम्मेदवारी दिन पाउनेछन् ।

**मिति : २०७७ कार्तिक ०४ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**